जि.प्र.का.दर्ता न : ५७८९

**Nepal Heath Care Manager's Association**

**नेपाल स्वास्थ्य सेवा व्यवस्थापक संघ**

Sanepa, Lalitpur | सानेपा, ललितपुर

nhcma2021@gmail.com

९८४८८६५९४५

www.nhcma.com.np

मिति:२०८२/०३/०४

**अध्यक्ष**
श्री महेन्द्र राज भुसाल

**निवर्तमान अध्यक्ष**
श्री कविता खनाल

**वरिष्ठ उपाध्यक्ष**
श्री मनिष दवाडी

**उपाध्यक्षहरु :**
श्री इन्दु नेपाल योन्जन
श्री अभिषेक रोशन
श्री विक्रम अधिकारी
श्री हेमन्त श्रेष्ठ
श्री छत्र बहादुर अधिकारी
श्री कान्त प्रसाद सुवेदी
श्री कृष्ण राज ढुंगाना

**महासचिव**
श्री होम प्रसाद अधिकारी

**सचिव**
श्री धीरज मैनाली

**कोषाध्यक्ष**
श्री प्रकृती आचार्य

**सदस्यहरु :**
श्री ब्रहम शंकर चौधरी
श्री लवेन्द्र कुँवर
श्री हेम कुमार बिडारी
श्री देवेश कर्ण
श्री वर्षा कोइराला
श्री मन्जु दहाल
श्री श्रेयश ध्वज जोशी
श्री समीर शर्मा

**विषय : विज्ञप्ती सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा स्वास्थ्य तथा जनसंख्यामन्त्रालय अन्तर्गत सञ्चालित संघिय र प्रदेश अस्पतालहरुमा आर्थिक वर्ष २०७४/७५ देखिनै अस्पताल व्यवस्थापक पदको आवस्यकता र महत्व ठानी २० वटा सरकारी अस्पताल बाट सुरुभएका सेवा हालआएर करीव ५० वटा अस्पतालहरुमा अस्पताल व्यवस्थापकहरु करार सेवामा कार्यरत रहीरहेको व्यहोरा अवगत नै छ । नेपालको संविधान २०७२ ले मौलिक हकको रुपमा व्यवस्था गरेको गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नको लागी अस्पताल व्यवस्थापन सम्बन्धी अध्धयन गरेको अस्पताल व्यवस्थापन अधिकृत (अस्पताल व्यवस्थापक) को आवस्यकता छ भन्ने कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तयार गरीएको स्वास्थ्य निति, अस्पताल स्थापना, संचालन र स्तरोन्नती मापदण्ड र न्युनतम सेवा मापदण्ड लगायतका स्वास्थ्य सम्बन्धि हरेक निति, निर्देशिकाहरुमा उल्लेख गरीएको तथा अर्न्तराष्ट्रिय बजारमा रहेका अस्पतालहरुमा नेतृत्वदायि भुमिका निर्वाह गरीरहेको अस्पताल व्यवस्थापक पद जसले नेपालमा रहेका निजीस्तरद्धारा संचालित अस्पतालहरुमा करीव ९० प्रतिशत अस्पतालहरु आफ्नो नेतृत्वमा संचालन गरेका छन । यसरी राष्ट्रिय,अर्न्तराष्ट्रिय रुपमा स्थापित मुल्य र मान्यता बमोजिम अत्यावश्यक ठानी नेपालका सरकारी अस्पतालहरुमा मे.सु.लाई सहयोग गर्न र क्लिनिकल तथा प्रशासनिक जनशक्ति विच पुलको कार्य गर्ने गरी आज भन्दा ८ वर्ष पहिला नै आवस्यकता महशुश गरी सृजना गरीएका जनशक्तिहरु लामो समयदेखी निरन्तर करारमा कार्य गरीरहेका यस्तो परिस्थितीमा नेपाल सरकारले २० वर्ष पछि गरिएको O&M Survey मा अस्पताल व्यवस्थापक जस्तो महत्वपूर्ण पद सृजनानगरी ब्यवस्थापकीयपक्षलाई कमजोर बनाइ नेपालको संविधानमाउल्लेखित गुणस्तरीय स्वास्थ्य सेवा भन्नेकुरालाई नारामामात्र सिमित गरेको छ । एकातिर अस्पताल संञ्चालन निर्देशिकामा ५० सैया वा त्यो भन्दा माथिका अस्पतालहरुमा अस्पताल ब्यवस्थापक अनिवार्य गर्ने भन्ने निकायलेनै नियमको उल्लङ्घन गरेको देखिदैन र? हाल नेपालमा रहेका विश्वविद्यालयहरुबाट करिव १५ वटा शैक्षिक सस्थाबाट  रुपमा स्नातक र स्नाकोत्तरम गरी बार्षिक ६५० को हाराहारीमा दक्षजनशक्ति उत्पादन भइरहेको र नेपालमा सन् २००० देखि संचालनमा रहेको यस विधामा स्वदेश तथा विदेशबाट समेत अध्यन गरेर आएका गरी करिव ४००० को हाराहारीमा दक्षजनशक्ति भएको व्यहोरा समेत अवगत गराउँदछौं । तसर्थ स्वास्थ्य सस्थालाई दिगोपन र बलियो बनाउनकालागि ब्यवस्थापननै मेरुदन्ड हो भन्ने अर्कोतिर दक्षजनशक्तिलाई बेवास्था गरी देशबाट पलायनहुने बाध्यता सृजना गर्ने दोहोरो चरित्र बन्द गरी दक्षजनशक्तिलाई यथोचित ब्यवस्थापन गर्न नेपाल स्वास्थ्य ब्यवस्थापक संघ नेपाल सरकार स्वास्थ्यमन्त्रालय समक्ष जोडदार मागगर्दछ ।

महेन्द्र राज भुसाल
अध्यक्ष

डा. होम प्रसाद अधिकारी
महासचिव